बागमती प्रदेश सरकार

# खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय

हेटौंडा, नेपाल

पत्र संख्या :०८२/८३
चलानी नम्बरः ६१८

## तह वृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० मा भएको व्यवस्था बमोजिम तह वृद्धिको लागि सोही दफा अनुसार आवश्यक योग्यता र सेवा अवधि पुगेका यस मन्त्रालय र मातहतका निकायमा कार्यरत प्रदेश निजामती कर्मचारीहरुले तहवृद्धिको लागि देहायका कागजातहरु सहित प्रदेश निजामती सेवा नियमावली, २०८३ को नियम ३८ को उपनियम (१) बमोजिम १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

१. तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा र समायोजन हुनु पूर्व समान श्रेणीको पदमा गरी ५ वर्ष सेवा अवधि पुगेका खुल्ने कागजात ।
२. तह वृद्धिको लागि ऐनमा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण पत्रहरुको प्रतिलिपी।
३. पछिल्लो पाँच आर्थिक वर्षको का.स.मू. फारम दर्ता गरिएको कार्यालयहरुको नाम ।

मितिः २०८३/०३/०१

सपना थापा
शाखा अधिकृत

नोटः- तोकिएको समयभित्र प्राप्त नभएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।